म.जि. प्र.का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ६० मंगलबार, १२ असोज २०७८ अष्टमी ने. सं. ११४१ ञंलाथ्व 28 September, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

साझाकुरा

www.sajhakuranews.com

## दसैंको टीकाको साइत १०:०२ बजे

हेटौंडा/यस वर्षको बडा दसैंको टीकाको साइत बिहान १०:०२ मिनेटमा जुरेको छ । असोज २९ गते परेको टीकाको साइत बिहान १०:०२ मा जुरेको हो । नेपाल पञ्चाङ्ग निर्णायक समितिले यस वर्षको बडा दसैंका विभिन्न साइत शुक्रबार सार्वजनिक गरेको हो ।

असोज २१ गते बिहीबार बिहान ११:४६ बजे घटस्थापनाको साइत रहेको समितिका अध्यक्ष प्रा.श्रीकृष्ण अधिकारीले राससलाई जानकारी दिए । असोज २२ गते शुक्रबार झण्डा फेर्ने साइत ११:५६ बजे रहेको छ । पश्चिम फर्केर झण्डा फेर्नुपर्ने उनले जानकारी दिए ।

असोज २५ गते सोमबार पचली भैरव यात्रा गरिन्छ । असोज २६ गते मंगलबार फूलपाती परेको छ । फूलपातीकै दिन तुलजा भवानीलाई मूल मन्दिरबाट हनुमानढोकाको मूल चोकमा यात्रा गराइन्छ । असोज २८ गते बिहीबार महानवमी पर्व मनाइन्छ । असोज २९ गते शुक्रबार विजयादशमी पर्व परेको छ । घटस्थापनाका दिनदेखि पूजा आराधना गरिने देवीलाई बिहान ८:१९ बजे विसर्जन गरिने साइत छ ।

## बागमती प्रदेशमा ९७ प्रतिशत नागरिक साक्षर

साझाकुरा संवाददाता



हेटौंडा/बागमती प्रदेशलाई साक्षर प्रदेशको रुपमा घोषणा गरिएको छ ।

सोमबार सामाजिक विकास मन्त्रालय हेटौंडामा औपचारिक कार्यक्रम मार्फत मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले साक्षर प्रदेश घोषणा गरेकी हुन् ।

कार्यक्रममा निर्देशनालयका निमित्त निर्देशक सीपी लुईंटेलले पेश गरेको तथ्यांक अनुसार बागमतीमा ९७.२२ प्रतिशत नागरिक साक्षर छन् । काठमाडौं उपत्यकासहित १३ जिल्लामा ५५ लाख २९ हजार ४ सय ५२ जनसंख्या रहेको बागमतीमा १५-६० वर्ष उमेर समूहका १५ लाख ८८ हजार ८ सय २२ नागरिक साक्षर रहेको तथ्यांकमा उल्लेख छ ।

१३ वटै जिल्लाहरुले यसअघि नै साक्षर घोषणा गरिसकेको र मापदण्डअनुसार प्रदेशभित्रका ९५ प्रतिशतभन्दा बढी नागरिक साक्षर रहेको आधारमा प्रदेशलाई घोषणा गरिएको निमित्त निर्देशक लुईंटेलले बताए ।

तथ्यांकअनुसार १५-६० वर्ष उमेर समूहका सिन्धुपाल्चोकका ९७.६८, ललितपुरका १००, धदिङका ९८.४०, चितवनका ९७.५०, नुवाकोटका ९८.१९, भक्तपुरका ९६.७०, दोलखाका ९५.३७, मकवानपुरका ९८.९७, रामेछापका ९६.४०, सिन्धुलीका ९९.१३, रसुवाका ९६.२९, काभ्रेपलाञ्चोकका ९६.४८ र काठमाडौंका ९६.८८ प्रतिशत नागरिक साक्षर छन् ।

प्रदेशको सामाजिक विकास मन्त्रालयले साक्षर प्रदेश घोषणा गरेपनि दीगो साक्षरता, प्रणाली सुधार र एकीकृत प्रणाली स्थापना, बानी सुधार, लगानी सुधार र शिक्षा, समसामयिक, व्यक्तिगत आवश्यकताको चुनौती रहेको जनाएको छ । १३ जिल्लामा ४५ हजार ४ सय ४५ जना नागरिक निरक्षर रहेको बागमतीमा ९७ प्रतिशत साक्षरता रहेको मापदण्ड पूरा गर्दै प्रदेशलाई साक्षर घोषणा गरिएको शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

प्रदेशभित्र सिन्धुपाल्चोकमा एक हजार ९ सय २, धादिङमा एक हजार ३ सय ३४, चितवनमा एक हजार ९ सय २३, नुवाकोटमा एक हजार ४ सय ७१, भक्तपुरमा एक हजार १ सय ३८, दोलखामा दुई हजार ४ सय ७५, मकवानपुरमा आठ सय ८, रामेछापमा एक हजार ८ सय ९९, सिन्धुलीमा ६ सय ३५, रसुवामा ५ सय ५२, काभ्रे-पलाञ्चोकमा १३ हजार १ सय ५५ र काठमाडौंमा १९ हजार ५३ जना निरक्षण रहेको तथ्यांकमा उल्लेख छ ।

कार्यक्रममा सम्बोधन गर्दै मुख्यमन्त्री शाक्यले साक्षर अभियानलाई सृजनात्मक रुपले अघि बढाउने बताएकी छन् । बागमती प्रदेश साक्षर घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाक्यले भनिन् 'अहिले पूर्ण साक्षर नभए पनि अब भने शत प्रतिशत साक्षर गराउनका लागि सबै स्थानीय तह, जिल्ला समन्वय समितिहरु लाग्नुपर्छ ।' उनले जिल्लास्तरबाट सबै अभियन्ताहरु साक्षर अभियानमा लाग्न निर्देशन समेत दिइन् । घोषणा भएपछि कार्यान्वयन गर्न लाग्नुपर्ने उनको भनाइ छ ।

## चार नेता नेकपा एसको केन्द्रमा



साझाकुरा संवाददाता

हेटौंडा/नेकपा (एकीकृत समावादी)को केन्द्रीय कमिटीमा मकवानपुरका चार नेता समेटिएका छन् ।


नेकपा एमाले विभाजन भएर बनेको एकीकृत समाजवादीमा मकवानपुरबाट केदार न्यौपाने, विरोध खतिवडा, ललित बस्नेत र मुनु सिग्देल केन्द्रीय कमिटीमा समेटिएका हुन् । एकीकृत समाजवादीको हालै बसेको केन्द्रीय कमिटी बैठकले चार नेतालाई पनि विभिन्न जिम्मेवारी दिएको छ ।

केदार न्यौपाने पार्टी उपाध्यक्ष एवम् बागमती प्रदेश इञ्चार्ज भएका छन् । यस्तै, सर्वाधिक चर्चामा रहनु भएका विरोध खतिवडा स्थायी कमिटी सदस्य चयन भएका छन् । उनी यसपटक सरकारमा पार्टी सहभागी भए मन्त्री बन्ने लगभग पक्का छ । एमालेको मजदुर संगठनका प्रभावशाली नेता तथा एमालेका पूर्व केन्द्रीय सदस्य ललित बस्नेत एकीकृत समाजवादीमा पोलिट ब्युरो सदस्य भएका छन् ।

उनलाई मकवानपुर इञ्चार्जको भूमिका पनि दिइएको छ । यस्तै, एमाले मकवानपुर अध्यक्ष रहनु भएका मुनु सिग्देल एकीकृत समाजवादीको केन्द्रीय सदस्य तथा मकवानपुर सहइञ्चार्ज हुनुहुन्छ भने बागमती प्रदेश सभामा एकीकृत समाजवादीको प्रमुख सचेतक पनि हुन् ।

## मकवानपुरका सात स्थानीय तहमा देउवा पक्षका सभापति

साझाकुरा संवाददाता



हेटौंडा/नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत् मकवानपुरमा सम्पन्न स्थानीय तहको अधिवेशनबाट नेतृत्वमा युवाहरु हावी भएका छन् ।

जिल्लाको दशवटा स्थानीय तहमध्ये आठमा निर्वाचन र दुईमा सर्वसम्मतबाट नयाँ नेतृत्व चयन भएको थियो । जसमध्ये सभापति शेरबहादुर देउवा समूहका ७ जना र देउवा इतरका ३ जना सभापतिमा निर्वाचित भएका छन् । देउवा समूहबाट हेटौंडा उपमहानगर पालिकामा उत्सव इटेनी, मनहरीमा प्रकाश बर्तौला, मकवानपुरगढीमा राजवीर लामा, कैलाशमा राजेन्द्र घिसिङ, बकैयामा दिलबहादुर भोम्जन, भीमफेदीमा सञ्जीव श्रेष्ठ र इन्द्रसरोबर गाउँपालिकामा विश्व लामा निर्वाचित भएका छन् ।

देउवाइतर समूहबाट थाहा नगरपालिकामा प्रमोद जोशी, बागमतीमा फणिन्द्र तिमल्सिना र राक्सिराङमा वीरेन्द्र जिम्बा सभापतिमा निर्वाचित भएका छन् ।

अधिवेशनबाट मकवानपुरको १० स्थानीय तहमा चार सय ६० सदस्यीय कार्यसमिति चयन भएको छ । हेटौंडा उपमहा-नगरपालिकामा ९५, थाहा नगर पालिकामा ६०, बकैया ६०, बागमती, भीमफेदी, मनहरी र राक्सिराङमा ४५/४५, मकवानपुरगढीमा ४० र इन्द्रसरोवर गाउँपालिकामा २५ सदस्यीय कार्यसमिति चयन भएका छन् ।

'क्रियाशील र क्षेत्रीय प्रतिनिधिमा युवाहरु हावी भएपनि नेतृत्व तहमा पनि युवा साथीहरु आउनु भएको छ ।', प्रवक्ता कोइरालाले भने, 'केही स्थानमा नयाँ र केही स्थानमा पुरानै साथीहरूले दोहोऱ्याएका छन् ।'


आकर्षक घडेरीहरू बिक्रीमा

हेटौंडा उपमहानगरपालकि वडा नं.-१५, रातोमाटेपनेश स्थित महेन्द्र राजमार्ग रातोमाटे बजारवाट मात्र ३ कि.मी. पूर्वतर्फ रिङरोडको बस्तिमाझ खानेपानी, ढल, विद्युतको सुविधा भएको, ब्यापारिक तथा आवसिय प्रयोजनको लागि अति उपयुक्त आकर्षक घडेरीहरू सुपथ मुल्यमा बिक्री वितरण हुदैंछ ।




| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

०५७-५२३९३१ ९८४९११०८९२ ९८५११६७२६७ ९८५५०७२३०८ ९८५५०६८७१६ ९८४५०२८५१९ ९८०२९१४११६


## फरार पुलामी पक्राउ

हेटौंडा/मकवानपुर प्रहरीले जवरजस्ती करणी उद्योग मुद्दामा फरार हेटौंडाका एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर ९ बस्ने २८ वर्षीय ओम पुलामी मगरलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुर जिल्ला अदालतको मिति २०७७ साल चैत १८ गतेको फैसलाले जबरजस्ती करणी उद्योग मुद्दामा २ वर्ष ६ महिना कैद भुक्तान गर्न बाँकी भई फरार रहेका उनलाई ईलाका प्रहरी कार्यालय पशुपतिनगर मकवानपुरबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो ।

मगरलाई हेटौंडा उपमहानगरपालिका-९ बाट पक्राउ गरी आवश्यक कारबाहीको लागि मकवानपुर जिल्ला अदालत मकवानपुरमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

दर्ता नं. : २५५८१३/०७७/०७८

HETAUDA HOUSING

हेटौंडा हाउजिङ्ग प्रा.लि.

HETAUDA HOUSING PVT. LTD.

NOW OPEN




तपाई हाम्रो यस सुन्दर नगरी हेटौंडा उपनगरपालिका बासिह्रुको लागि खुशीको खबर लिएर आएको छ । नेपाल सरकारबाट स्वीकृत प्राप्त हेटौंडा हाउजिङ्ग कम्पनी ।

विशेषताहरु :

१) घर मै बसि बसि टेलिफोनको भरमा हजुरहरुले चाहेको स्थानमा कोठा उपलब्ध गराउने छ । हेटौंडा उपमहानगरपलिका भित्र ।
२) विना झन्झट कोठा घर फ्ल्याट भाडामा लिन र दिन सक्नुहुनेछ । यस कम्पनी मार्फत ।
३) घर कोठा फ्ल्याटमा आउन सक्ने पानी बत्तिका साना तिना समस्याबाट छुटकारा पाउनु हुनेछ ।
४) भाडामा बस्दा पनि आफ्नै घरमा बसेको अनुभुति हुनेछ ।
५) पारिवारिक वातावरणमा रमाउन सक्नु हुनेछ ।
६) स्कूल कलेजका विद्यार्थीहरुको लागि विशेष सहुलियतमा कोठा भाडामा उपलब्ध छ ।
७) संघ संस्था अफिस, पसल, क्वाटर आदिको लागि पनि घर, कोठा, फ्ल्याट, उपलब्ध गराउने छौं ।
८) घर धनिसँग सिधा सम्पर्क नहुने ।
९) घर जग्गा खरिद बिक्रीको लागि पनि सम्पर्क गर्न सक्नुहुन्छ । धन्यबाद ।

हाम्रो विशेषताहरु मन पर्छ भने कृपया हामीलाई सम्झनुहोस् हामी तपाईहरुको सेवामा सदैव तत्पर छौं ।

हेटौडा-१, चौकीटोल, मकवानपुर
फोन नं./फ्याक्स : ०५७-५२३३१४
मो.: ९८२४२७१५४४
Viber/Whatassp: +9779824271544
Email: hetaudahousing1@gmail.com




प्रो. महेन्द्र मान श्रेष्ठ ९८४५०३१७०६ शरिदी श्रेष्ठ ९८५५०७०००५ मनिष मान श्रेष्ठ ९८५५०३०५००

**अनुश्री गुदपाक एण्ड प्रोभिजनल स्टोर्स**

हेटौंडा-४, पारीजातपथ

यहाँ गुदपाक (सुत्केरी मसला) पाईन्छ ।

अब गुदपाक खान काठमाण्डौको कोशेली कुर्नै पर्दैन!!!

शुद्ध घ्यू र खुवामा बनेको गुदपाक अब हेटौंडामै पाईन्छ।

उत्पादकः अनुश्री फुड एण्ड बेभरेज हेटौंडा ८, मकवानपुर







**Times AutoHub Hetauda**

Contact:057-590610, 9855067840

साझाकुरा

## हाम्रो कुरा

# विकट गाउँलाई जोड्न पुल

'हामी हेटौंडाबाट नजिक भएरपनि एउटा पुल नहुँदा वर्षामा सहर जान पाउँदैनथियौं ।,' यो भनाई मकवानपुरगढी गाउँपालिकाका एक युवकको हो । देशमा संघीयता आएर स्थानीय निकाय बन्नु अघि मकवानपुरगढीको ५ र ६ नम्बर वडामा वर्षाको समयमा ओहोरदोहोर गर्न सक्दैन थिए । एउटा वडाबाट अर्को वडा पुग्न खोलामा बाढी आउँदा सम्बन्ध टुट्ने गरेको थियो । करिब ६ किलोमिटर परको ५ नम्बर वडाबाट पनि हेटौंडा आउन ज्यामिरे खोलामा पुल नबन्दा सम्भव थिएन । अहिले त्यही दुई वटामा मात्रै करिब ४ वटा पक्की, स्टिल ब्रिज बनेका छन् । ज्यामिरे खोलामा गाउँपालिका र प्रदेश सरकारको लगानीमा पक्की पुल बनेको छ । अहिले मकवानपुर गढीका ८ वटै वडामा पक्की पुल, स्टिल ब्रिज, झोलुङ्गे पुल बनेका छन् । गाउँको विकासमा पुल नै महत्वपूण रहेको स्थानीय बताउँछन् । उनीहरुले गाउँका उत्पादन बजारसम्म ल्याउन पाएका छन्, वर्षामा खोलाको डर हटेको छ ।

अहिले मकवानपुरगढीका जनता धेरै खुशी छन् । यस्तै खुशी ल्याउन केन्द्रीयदेखि प्रदेश र गाउँ सरकारले ध्यान दिन जरुरी छ । सडक निकास नै नभएको ठाउँमा पुल बनाएको घटना सुनेतका नागरिकलाई गाउँमा पुल बनेको समाचारले धेरै खुशी ल्याउने गरेको छ । जिल्लामा मकवानपुरगढी मात्र नभई थाहा नगरपालिका मनहरी गाउँपालिका र भीमफेदी गाउँपालिकाले पुल निर्माणमा प्राथमिकता दिँदै दुई वा दुईभन्दा बढी गाउँलाई पालिका केन्द्रसम्म जोड्ने योजना बनाएका छन् । मनहरीले गतवर्ष २०७७/०७८ मा मात्रै पाँच वटा पक्की पुल एकैपटक निर्माण सुरु गरेको हो । भीमफेदीले विकट गाउँमा सडक पुऱ्याउन पुल निर्माण गरिरहेको छ । थाहा नगरपालिकाले पनि वडाहरुलाई पालिका केन्द्रसँग जोड्न पक्कीदेखि झोलुङ्गे पुल निर्माण गरिरहेको छ ।

नेपाल भुपरिवेष्ठित मुलुक हो । देशको अधिकांश भाग पहाडि क्षेत्रले ढाकेको छ । विकासोन्मुख देश नेपाल भुपरिबेष्ठित भएकै कारण भौतिक पूर्वाधार विकासमा फड्को मार्न सकिरहेको छैन् । भौतिक विकासतर्फ पक्की पुल, सडक, खानेपानी, सिचाईंका पूर्वाधार निर्माण जनअपेक्षा अनुसार हुन सकेको थिएन्, यसको कारण नेपाल भुपरिबेष्ठित मुलुक हुनु हो । देशको सातवटा प्रदेशमध्ये बागमती प्रदेशमा पनि विगतमा जनअपेक्षा अनुसार भौतिक पूर्वाधारमा उलेख्य विकास हुन सकेको थिएन् । तर देशमा संघीय स्थापित भएर प्रदेश सरकार गठन भएपछि भने बितेको ३ वर्षमा भौतिक पूर्वाधार विकासमा ठूलो परिवर्तन आएको छ । बागमती प्रदेश सरकारले प्रदेशका १३ जिल्ला विकट भएकाले पक्की पुल र सडक निर्माणलाई प्राथमिकतामा राखेर काम गरेको छ ।

देशमा संघीयता आएपछि बागमती प्रदेश सरकार प्रदेशको भौतिक, आर्थिक र सामाजिक विकासमा तीव्र गतिमा लागिपरेको हो । विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने सातै प्रदेशमध्ये बागमती प्रदेश सरकार पहिलो सूचिमा छ । प्रदेश सरकारले स्थापना भएको दुई वर्ष अर्थात आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा ३२ वटा पक्की पुल निर्माण सम्पन्न गर को थियो । आर्थिक वर्ष २०७५/०७६ मा १४ वटा पक्की पुल निर्माण भएको प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले जानकारी दिएको छ । निर्देशनालयका अनुसार २२ वटा पुलको सर्भो डिजाइन भएको थियो । आर्थिक वर्ष २०७५/०७६ मा ३ अर्ब ६७ करोड ५ लाख ९८ हजार रुपैयाँ खर्चमा १४ वटा पुल निर्माण, २२ वटा पुलको सर्भे भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज १३ गते बुधबार २९ सेप्टेम्बर २०२१ । असोज कृष्ण अष्टमी । नंलागा अष्टमी ११४१ । सूर्योदय ५:५५ र सूर्यास्त ५:५३ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुबाट मुक्त | तुला | : प्रेममा सफलता |
| वृष | : मिष्ठान्न भोजन | वृश्चिक | : आफन्तजन भेट |
| मिथुन | : आलश्यता | धनु | : भित्रजन भेट |
| कर्कट | : सुख प्राप्ति | मकर | : धन प्राप्ति |
| सिंह | : यात्राको योग | कुम्भ | : धन नष्ट |
| कन्या | : अध्ययनमा बाधा | मीन | : शुभ कार्यको थालनी |

# मोदीको अमेरिका यात्रा र क्वाड



विपिन देव

> अमेरिकी स्वतन्त्रता संग्रामदेखि अमेरिकाको आधुनिकीकरणको यात्रामा फ्रान्सको यथेष्ठ योगदान रहेको छ । तर कूटनीतिलाई अर्थनीतिले प्रचुर मात्रामा प्रभावित गरेको देखिन्छ । अमेरिकाले अष्ट्रेलियालाई आणविक पन्डुंब्बी जहाज दिने सहमति लगतै फ्रान्सले गरेको अष्ट्रेलियासँगको सम्झौता स्खलित भएको छ ।

अफगानिस्तानमा बन्दुकको बलमा भएको सत्ता परिर्वतनले हरेक वैश्विक गठवन्धन र गठजोडलाई प्रभावित गरेको छ । नयाँ समीकरण, शक्ति सन्तुलन, समझदारिमा हेरफेर र कूटनीतिमा आवेश र उदवेग पनि बढेको देखिन्छ । हालै अमेरिका, वेलायत र अष्ट्रेलियाको सैनिक गठवन्धन 'अक्स'ले अमेरिका र फ्रान्सको सम्वन्धलाई प्रभावित गरेको देखिन्छ ।

फ्रान्स र अमेरिकाको मित्रताको लामो इतिहास रहेको छ । अमेरिकी स्वतन्त्रता संग्रामदेखि अमेरिकाको आधुनिकीकरणको यात्रामा फ्रान्सको यथेष्ठ योगदान रहेको छ । तर कूटनीतिलाई अर्थनीतिले प्रचुर मात्रामा प्रभावित गरेको देखिन्छ । अमेरिकाले अष्ट्रेलियालाई आणविक पन्डुंब्बी जहाज दिने सहमति लगतै फ्रान्सले गरेको अष्ट्रेलियासँगको सम्झौता स्खलित भएको छ । अर्थात् फ्रान्सले ठुलो धनराशीको नोक्सानी बेहोर्नु परेको छ । आउँदो चुनावमा फ्रान्समा यो चुनावी मुद्दा समेत बन्ने सम्भावनालाई नजर अन्दाज गर्न सकिदैन ।

यही पृष्ठभूमिमा फ्रान्सले आफ्नो राजदुत समेत अमेरिका र अष्ट्रेलियावाट फिर्ता वोलाएको देखिन्छ । कूटनीतिमा राजदुत फिर्ता गर्नु एक किसिमले ब्रम्हास्त्रको प्रयोग गर्नु हो । चीन र भारत विच डोक्लमदेखि गलवानसंगको संवेदनशील अवस्थामा राजदुत फिर्ता गराउने काम भएको छैन । अर्थात् अफगानीस्तानमा भएको परिर्वतन र अक्सको जन्मको पृष्ठभूमिमा मोदीको अमेरिकी यात्रा र क्वाड शिखर सम्मेलनमा सहभागिता भएको छ । वास्तवमा अक्स र क्वाडको विचमा अन्तर बुझ्न जरुरी देखिन्छ । अक्स एक किसिमले सैनिक साझेदारी हो भने क्वाड सैनिक गठवन्धन होइन । क्वाडका सदस्यहरूमा अमेरिका, जापान र अष्ट्रेलिया सैनिक साझेदार भएता पनि भारत यसबाट पृथक छन् । अर्को शब्दमा भन्ने हो भने अष्ट्रेलिया र जापानको सुरक्षाको साझेदारी र दायित्व सम्झौताको माध्यमबाट अमेरिकाको जिम्मेवारी रहेको छ भने भारतले अमेरिकासँग यस्तो किसिमको सम्झौता गरेको छैन ।

तर क्वाडको कार्य क्षेत्र र प्रारुप व्यापक देखिन्छ । सन् २००४ सुनामीले गर्दा यी मुलुकहरूको विच मानवकल्याण कार्यको लागि सम्झदारी भएको थियो । तत्कालीन जापानको नेतृत्व आवेको संक्रियतामा २०१७ पछि क्वाडको सक्रियता वढेको देखिन्छ । यस पटक क्वाडका राष्ट्र प्रमुखहरूको भौतिक उपस्थितिमा क्वाड शिखर सम्मेलन सम्पन्न भएको छ । क्वाडको साझा संकल्पको अनुष्ठान मानव कल्याणसंग जोडिएको छ । कोरोना कहरमा चीनिया भ्याक्सिनको विकल्पको खोजी सारा विश्वले गरि रहेको अवस्था छ ।

इण्डोनेशिया र ब्राजिलले चिनियाँ भ्याक्सिनको गुणस्तरमा नै शंका व्यक्त गरेका छन् । यस विषम अवस्थालाई मध्य नजर गर्दै भारत, अमेरिका, जापान र अष्ट्रेलियाले १ अर्ब खोप वितरण गर्ने संकल्प अगाडि सारेको छ । अर्थात् अमेरिकी प्रविधि, जापानी धनराशी, अष्ट्रेलियाको वितरण प्रणाली र भारतको उत्पादन क्षमताले उक्त खोप विश्वको कुना कुनामा पुगाउने उद्देश्यले परिलक्षित रहेको छ । क्वाडको मूल मुद्दा हिन्दमहासागरीय क्षेत्रमा प्रजातान्त्रिक मुल्य र मान्यता अनुसार सामुहिक उपभोग र प्रयोग खुला रुपमा हुनु पर्छ भन्ने मान्यतावाट अभिप्रेरित रहेको छ । वर्तमान परिवेशमा हिन्द महासागरिय क्षेत्र विश्वको प्रमुख व्यापरिक मार्ग रहेको छ । ३८ वटा मुलुकहरू इण्डोप्यासिफीक हिन्दमहासागरिय क्षेत्रवाट जोडिएको छ ।

जसको अर्थात् विश्वको ६२ प्रतिशत जि.डि.पी.को कारोवार गर्ने यी मुलुकहरू नै हुन् । दक्षिण चीन सागरमा चीनको हैकमवादी दृष्टिकोणले आसियान लगायत अष्ट्रेलिया र जापान समेत आतंकित भएका छन् । चीनको सैनिकीकरण र हतियार भण्डारणले गर्दा सामुद्रिक मार्ग दिन प्रति दिन तनाव ग्रस्त रहेको अवस्थामा क्वाडको मुलुकहरू चीनिया दव-दवालाई निस्तेज गर्न क्वाडको सक्रियतालाई बढाएको देखिन्छ । क्वाडका मुलुकहरूमा द्विपक्षिय सम्वन्ध पनि संघन रहेको छ । जापान भारत, भारत अमेरिका, अमेरिका अष्ट्रेलियाले टु-टु मा परराष्ट्र र रक्षा मन्त्रीको सहभागीता र प्रतिनिधित्व हुने गर्दछ । यस पटकको क्वाड शिखर सम्मेलनले अफगानिस्तानको समस्याका बारेमा पनि गहन छलफल गरेको देखिन्छ ।

तालिवानहरूले महिला र अल्पसंख्यक माथि गरेको बर्बरता प्रति ध्यानाकर्षण गरेको छ भने भावी दिनमा मानव संवेदनशीलतालाई अनुभुति गर्दै भोकमरी र अनिकालको संघारमा रहेको अफगानिस्तानलाई बचाउन आवश्यक गृह कार्यको लागि पनि संकल्प जाहेर गरेको छ । साथ साथै कोरनाको कहर पछि प्रजातान्त्रिक कित्तामा रहेको मुलुकहरूको अर्थव्यवस्थामा प्रगति ल्याउन प्रविधि र पूँजी आदान प्रदान गर्न समेत क्वाड संकल्पित रहेको छ । क्याडको शिखर वैठकको सहभागीता पछि मोदीले अमेरिकासंग द्विपक्षीय सम्वन्धलाई अधिक महत्व दिएको देखिन्छ । अमेरिकी राष्ट्रपति र उपराष्ट्रपतिसंगको भेटघाटमा अमेरिका र भारतको विश्वका विभिन्न मुद्दाहरूमा साझा दृष्ट्रिकोण रहेको कुरा पनि सार्वजनिक भएको छ । चीनको दबदबा, तालीवानको बर्बरता, पाकिस्तानको दोहोरो चरित्रको बारेमा द्विपक्षिय भेट केन्द्रित रहेको छ । साथ-साथै अमेरिकी कम्पनीहरूका पाँच प्रभावशाली सि.इ.ओ संग समेत व्यापार र लगानीको वारेमा मोदीले छलफल गरेका छन् ।

न्यूर्योक टाइम्पस र वासिंगटन पोष्टले मोदीको संयुक्त राष्ट्र संघको संवोधनलाई उच्च महत्व दिएका छन् । खास अर्थमा मोदीले संयुक्त राष्ट्र संघको सुरक्षा परिषदको संरचनामा भारतको दाबेदारीको बारेमा सांकेतिक रुपमा संकेत गरेका छन् भने तालिवानलाई मलजल गर्ने काममा पाकिस्तान र चीनको भूमिकालाई पनि कूटनीतिक भाषामा आलोचना गरेका छन् । सामुद्रिक सुरक्षा, जलवायु परिर्वतन, प्रजातान्त्रिक मुल्य मान्यताको अबलम्वनको वारेमा भारतको दृष्टिकोण र संकल्पलाई समेत उजागर गरेका छन् ।

संयुक्त राष्ट्र संघको मञ्चलाई उपयोग गर्दै मोदीले कट्टरपन्थी, आतंकवादी, तानाशाही र विस्तारवादीहरूको उद्देश्य एउटै भएको कुरालाई समेत दृष्टिगोचर गरेका छन् । आफ्नो चहकिलो र गहकिलो वाककलाबाट गान्धी, टाइगोर र चाणक्यको उपदेशलाई विश्वका राष्ट्र प्रमुख समक्ष प्रस्तुत गरेका छन् । अर्थात् वदलिदो परिवेषमा मोदीको अमेरिकी यात्राले एकातर्फ क्वाडको संरचनालाई वलियो पार्न सफल गरेको छ भने अर्को तर्फ मोदीले तानाशाही र प्रजातान्त्रिक शक्तिहरूको विच कित्ताकाट गर्न पनि सफल भएको देखिन्छ ।

आउने दिनमा क्वाडको सक्रियता हिन्द महासागरिय क्षेत्रमा बढ्न वित्तिकै चीनको दबदबा विस्तारै विस्तारै निष्तेज हुँदै जाने छ अर्थात् गरिव मुलुकहरूले चिनियाँ ऋण वोक्न असर्मथ रहेको छ । श्रीलंका र पाकिस्तान यसका प्रतिनिधि उदाहरणहरू हुन् । दक्षिण अफ्रिकाका धेरै मुलुकहरू चिनियाँ ऋणको फासोमा फसिसकेका छन् । यस परिवेशमा जापान, अमेरिका, अष्ट्रेलिया र भारत अघि बढ्नु पर्ने आवश्यकता देखिन्छ ।

*- रिपोटर्स नेपाल*

# अन्तरिक्षमा पनि शक्तिशाली बन्दै चीन



अजय अलौकिक

पृथ्वीको वायुमण्डलभन्दा माथि अथवा पृथ्वीको समुद्री सतहभन्दा सय किलोमिटर माथिदेखिको भागलाई अन्तरिक्ष भनिन्छ । मानवका लागि यो अन्तरिक्ष रहस्यले भरिपूर्ण छ । अन्तरिक्ष अन्वेषण तथा खोजमा मानिसको पहिलेदेखि नै चासो पनि रहँदैआएको छ । साथै पृथ्वीभन्दा पर अर्को विकसित ग्रह हुनसक्ने अनुमान वैज्ञानिकहरूले गर्दैआएका पनि छन् ।

त्यसै गरी, मानवजातिको सुरक्षित भविष्यकालागि पनि अन्तरिक्षको खोज अपरिहार्य बनेको देखिन्छ । यसबाहेक, पृथ्वीको वातावरण र मौसमसम्बन्धमा पूर्व सूचनाका लागि तथा सञ्चार क्षेत्रको विकासमा अन्तरिक्ष क्षेत्रको विस्तारले महत्त्वपूर्ण भूमिका खेल्दैआएको छ । यसै अन्तरिक्ष खोजको होडमा पछिल्लो समय दोस्रो आर्थिक शक्ति चीनले विशाल फड्को मारेको छ ।

गत सेप्टम्बर १७ तारिख, तीन महिने लामो अन्तरिक्ष यात्रापछि तीन चिनियाँ अन्तरिक्ष यात्रीहरूले पृथ्वीमा सकुशल अवतरण गरेसँगै चीनको पछिल्लो अन्तरिक्ष मिसनसमेत सफल भएको छ । अप्रिल २९ तारिख चीनले चीन अन्तरिक्ष केन्द्र स्थापनाकालागि थ्येनख्ह कोर मोड्युललाई शनचौ-१२ मानववाहक यानको साथमा प्रक्षेपण गरेको थियो । यो सँगसँगै चिनियाँ अन्तरिक्ष सपनाले पनि आकार लिँदैगएको देखिन्छ ।

चीनको पहिलो मानव निर्मित स्याटलाइट (उपग्रह) तोङफाङहोङ-१ देखि शनचौ-१२ अन्तरिक्ष यानसम्मको यो पचास वर्षको संघर्षले चीनले आफ्नो अन्तरिक्ष अभियानको सपना भेट्टाउन गरिरहेको प्रयास स्पष्ट देखिन्छ । सन् १९७० मा चीन तोङफाङहोङ-१ लाई अन्तरिक्ष अर्बिट (ग्रहपथ) मा पठाउन सफल भएको थियो । त्यसअघि सन् १९६४ मा सेतो मुसासहित रकेट प्रक्षेपण गर्दै अन्तरिक्षमा पहिलो कदम राखेको थियो ।

२० औं शताब्दीका दुई महाशक्तिहरू संयुक्त राज्य अमेरिका र सोभियत संघबीच दोस्रो विश्व युद्धपछि अन्तरिक्ष क्षेत्रमा प्रतिस्पर्धा चलेको थियो । सन् १९५७ अक्टोबर ४ मा तत्कालीन सोभियत संघले स्पुतनिक-१ को सफल प्रक्षेपण गरेसँगै अन्तरिक्ष युग आरम्भ भएको हो । यसै गरी, सन् १९६१ अप्रिल १२ मा मानव इतिहासमा पहिलो पटक मानवसहितको अन्तरिक्ष उडान भरेको थियो । रूसी नागरिक युरी गागरिन अन्तरिक्षमा जाने पहिलो व्यक्ति हुन् । तत्कालीन सोभियत संघको अन्तरिक्ष क्षेत्रको फड्कोसँगै प्रतिस्पर्धी अमेरिकाले एपोलो-११ को उडानसँगै चन्द्रमामा मानव पाइला टेकाउन सफल भएको थियो । अमेरिकी नागरिक निल आर्मस्ट्रङले सन् १९६९ जुलाई २० मा चन्द्रमाको धरातलमा टेकेर मानव इतिहासमा नयाँ किर्तिमान बनाएका थिए ।

चीनले पनि यसै समयको सेरोफेरोमा अन्तरिक्ष अन्वेषणमा चासो राखिसकेको थियो । सन् १९५० मा भएको कोरिया युद्धको क्रममा अमेरिकाले उत्तर कोरियामाथि आणविक हतियार प्रयोग गर्ने धम्की दिएपछि चीनले अन्तरिक्ष क्षेत्रमा निरन्तर चासो दिनथालेको थियो । अध्यक्ष माओ चतुङले नयाँ चीनको सुरक्षाको खातिर अन्तरिक्ष अन्वेषणको घोषणासमेत गरेका थिए ।

भनिन्छ, तत्कालीन सोभियत संघको पहिलो मानवनिर्मित कृत्रिम उपग्रहसँगै चीनले पनि दुई महाशक्ति राष्ट्रसँग उभिन तयारी गरेको थियो । तर चीनले सफलता पाउन धेरै वर्ष कुर्नुपर्यो । सन् १९७० अप्रिल २४ मा आएर मात्र चीनले उपग्रह प्रक्षेपण गर्न सफल भएको थियो । यसपछि पनि चीनले ठूलो उपलब्धि हासिल गर्न सकेन । यद्यपि, सन् १९७५ मा पनि एउटा उपग्रहको सफल प्रक्षेपण गरेको थियो ।

सही अर्थमा चीनको अन्तरिक्ष मिसन आरम्भ गत शताब्दीको नब्बेको दशकपछि मात्र भएको मान्न सकिन्छ । सन् १९९२ मा चीनले औपचारिक रूपमा अन्तरिक्ष मिसनकालागि सहयोग, अन्वेषण तथा कानून निर्माण सँगसँगै अन्तरिक्षसम्बन्धि अन्तर्राष्ट्रिय कानून अध्ययनकालागि प्रतिष्ठानको स्थापना गरेको थियो । यसरी शक्ति राष्ट्रहरू अमेरिका र तत्कालीन सोभियत संघको अन्तरिक्ष अन्वेषण थालेको धेरै वर्षपछि मात्र चीन यो क्षेत्रमा योजनाबद्ध ढंगले अघि बढेको हो ।

यसपछि, सन् १९९९ नोभेम्बर २० मा मानवविहिन अन्तरिक्ष यान शनचौ-१ को सफल प्रक्षेपण गरेको थियो । यसै गरी, सन् २००३ मा अमेरिका र रूसपछि अन्तरिक्षमा मानिस पठाउने तेस्रो राष्ट्र बन्न सफल भएको थियो । सन् २००३ अक्टुबर १५ मा चीनले अन्तरिक्ष यात्रीसहितको अन्तरिक्ष यान पठाएको थियो । यसपछि चीनले निरन्तर रूपमा अन्तरिक्ष तथा चन्द्रमाको अन्वेषणमा अन्तरिक्ष यान पठाउने क्रम जारी राख्दै सन् २०११ मा अन्तरिक्ष कक्षमा पहिलो अस्थायी मोड्युल स्थापना गरेको थियो ।

यसरी निरन्तर रूपमा अन्तरिक्ष अभियान तथा अन्वेषणको क्षेत्रमा लागिपरेको चीनले पछिल्लो समय निकै तीव्रता दिएको छ । चिनियाँ राष्ट्रपति सी चिनफिङले चिनियाँ कम्युनिस्ट पार्टीको १८औं महाधिवेशनदेखि नै अन्तरिक्ष उद्योगको विकासकालागि महत्त्वपूर्ण निर्देशन दिनुकासाथै नवीनता तथा आत्मनिर्भरताको माध्यमबाट नयाँ सफलता खोज्नुपर्ने बताएका थिए । साथै, सन् २०१६ मा चीनले अन्तरिक्ष गतिविधी सम्बन्धमा श्वेतपत्र पनि जारी गरेको थियो । चिनियाँ राष्ट्रपति सीले अन्तरिक्ष कार्यक्रमलाई अघि बढाउनु एक प्रमुख रणनीतिक कदम भएको र यसले चीनको भविष्यको विकासलाई निर्धारण गर्ने समेत बताएका छन् ।

यस्तै, सन् २०१९ मा चन्द्रमाको अर्को पाटोमा चीनले पहिलो पटक रोभर अवतरण गरेर नयाँ इतिहास नै रच्यो । साथै ४० वर्षको लामो अन्तरालपछि चीन चन्द्रमाबाट चट्टानको नमूनासमेत ल्याउन सफल रह्यो । यस्तै, मे १५ तारिख चीनको थ्येन वन-१ डिटेक्टरलाई मंगल ग्रहमा सफल अवतरण गराउँदै अन्तरिक्ष इतिहासमा मंगल ग्रहमा रोभर उतार्ने दोस्रो मुलुक बन्यो । चुरोङ रोभरले रातो ग्रहको तस्वीरहरू पठाइरहेको छ ।

यसबाहेक, हालैको शनचौ-१२ मानववाहक यानको सफल प्रक्षेपण चीनको अन्तरिक्ष केन्द्रको निर्माणको महत्त्वपूर्ण चरण हो । अप्रिल २९ तारिख प्रक्षेपण गरेको यो शनचौ-१२ का तीन अन्तरिक्ष यात्रीले जुन १७ मा अन्तरिक्षमा प्रवेश गर्दै थ्येनख्ह कोर मोड्युललाई अन्तरिक्ष कक्षमा लञ्च गरेका थिए र विभिन्न कार्यभार सम्पन्न गर्दै सेप्टम्बर १७ मा तीन महिने लामो अन्तरिक्ष बसाइपछि सकुशल फर्के । चीनको अन्तरिक्ष केन्द्रको निर्माणकालागि अब चाँडै नै शनचौ-१३ बाट महिला अन्तरिक्ष यात्रीले उडान भर्ने जनाइएको छ । निर्धारित योजना अनुसार, चीनले सन् २०२२ मा आफ्नो अन्तरिक्ष केन्द्रको स्थापना गर्ने छ ।

साथसाथै, यो निर्माणाधिन चिनियाँ अन्तरिक्ष केन्द्रलाई बहुराष्ट्रिय अन्तरिक्ष केन्द्रको प्रतिस्पर्धीको रूपमा हेरिएको छ । अमेरिका, रूस, क्यानाडा, जापान र युरोपेली युनियनको संयुक्त परियोजनाको उक्त अन्तरिक्ष केन्द्रमा चीनलाई समावेश गरिएको छैन । यसबाहेक, उक्त अन्तरिक्ष केन्द्रको आयु पनि सकिँदैछ ।

हुन त सन् १९९८ मा लञ्च गरिएको अन्तरिक्ष केन्द्रको आयु पन्ध्र वर्ष भनिए तापनि अझै प्रयोगमा छ । यो बढीमा २०२८ सम्म चल्ने अनुमान छ । त्यसपछि अन्तरिक्षमा चिनियाँ अन्तरिक्ष केन्द्रको मात्रै एकाधिकार रहने छ । यसो त यो चिनियाँ अन्तरिक्ष केन्द्रको आयु दस वर्ष भनिएको छ । तर यसले नयाँ पुराना शक्तिशाली राष्ट्रबीच अन्तरिक्षको होड भने अवश्य बढाउने छ ।

यसै त अहिले अमेरिका र चीनबीचको सम्बन्ध धरापमा छ । अन्तरिक्ष क्षेत्रमा चीनको फड्कोले अमेरिकालाई थप चिन्तित बनाउने छ । यसबाहेक, सन् २०११ मा अमेरिकी नेशनल एरोनटिक्स एण्ड स्पेस एडमिनिस्ट्रेसन तथा अन्तरिक्ष सम्बन्धित उद्योग व्यवसायहरूलाई चीनको अन्तरिक्ष संस्थासँग सम्पर्क नराखोस् भन्ने हेतुले अमेरिकाले 'वुल्फ' नामक कानूनी सर्त नै प्रस्तुत गरेको थियो । यस्ता घटनालाई नियाल्दा अन्तरिक्षको विषयमा युद्धको सम्भावना नकार्न सकिँदैन । उपन्यास र चलचित्रमा ब्रह्माण्डका विभिन्न पिण्ड र ग्रह, उपग्रहका बासीहरूबीचको युद्धको कथा पढ्दै र हेर्दैआएको अवस्थामा यो वास्तविकतामा पनि परिवर्तन हुन सक्नेछ ।

यद्यपि ग्रह, उपग्रहका बासीहरूबीच या पृथ्वीबासीको एलियन्सबीच नभइ पृथ्वीकै मानवजाति बीचमा बाह्य अन्तरिक्षमा युद्ध छेड्ने अवस्था नआउला भन्न सकिन्न । यसरी शक्ति राष्ट्रको तँछाड मछाड सँगसँगै यतातिर पनि व्यापारी, बिचौलियाको प्रवेश निश्चित छ । हाल, अन्तरिक्षमा अर्को पाटोको पनि विस्तार भइरहेको छ । अन्तरिक्ष पर्यटनको अवधारणासँगै धनाढ्यहरू अन्तरिक्ष भ्रमणलगायतमा चासो बढाइरहेको अवस्था छ ।


यद्यपि, चीनले सधैं नै शान्तिपूर्ण प्रयोग, साझा हितकालागि सहकार्य र संयुक्त विकासको वकालत गर्दैआएको छ । चीनले विश्वमा मानव भाग्य समुदायको प्रस्ताव प्रस्तुत गर्दै समान र पारस्परिक हित, शान्तिपूर्ण प्रयोग, समावेशी विकासको आधारमा अन्तरिक्ष क्षेत्रको अन्तर्राष्ट्रिय आदान प्रदान र सहकार्य गर्ने आशा लिएको छ ।

सन् २०१८ मा, चिनियाँ राष्ट्रपति सीले एसिया प्रशान्त अन्तरिक्ष सहयोग संगठनको स्थापनाको दसौं वार्षिकोत्सवको अवसरमा शुभकामना दिँदै बाह्य अन्तरिक्ष मानवको साझा सम्पति रहेको र बाह्य अन्तरिक्षको अन्वेषण, विकास र शान्तिपूर्ण प्रयोग मानवको साझा चाहना रहेको व्यक्त गरेका थिए । वास्तवमा, अन्तरिक्ष, ब्रह्माण्ड विश्वको साझा सम्पति हो । यसको अन्वेषण पनि मानवको साझा कार्य हो ।

चीनले कठिन परिस्थितिबाट गुज्रेर आफ्नै प्रयासमा निर्माण गरिरहेको अन्तरिक्ष केन्द्रलाई चीनको मात्र नभई संयुक्त राष्ट्र संघका सबै सदस्य मुलुककालागि खुला रहने पनि बताएको छ । सन् २०१६ यता, चीनले संयुक्त राष्ट्र संघको बाह्य अन्तरिक्ष विभागसँगको सहयोगमा १७ वटा मुलुकसँग ९ वटा परियोजना चयन पनि गरेको छ । चिनियाँ अन्तरिक्षको विकासले विश्वसँगै छिमेकी नेपाल पनि लाभान्वित हुनेछ ।

चीन अन्तरिक्ष क्षेत्रमा विशाल फड्को मार्दै छ । तथापि चीन मानवजातिको हितकालागि अन्तरिक्ष अन्वेषण तथा अन्तरिक्ष स्रोत साधनको विकास र प्रयोगका साथै अन्तरिक्ष वातावरणको संरक्षणमा योगदान दिन चाहेको स्पष्ट देखिन्छ । विज्ञान तथा प्रविधि, सञ्चार र नविनम प्रविधि आदि क्षेत्रको अनुसन्धान अन्तरिक्षसित परस्पर सम्बन्ध रहेकोले चीनको उपलब्धि विश्वका लागि महत्त्वपूर्ण रहने छ । - इकागज

# स्थानीय पाठ्यक्रम लागु गर्दै सूर्यविनायक नगरपालिका



भक्तपुर (रासस)/ सूर्यविनायक नगरपालिकाले स्थानीय पाठ्यक्रम लागू गर्ने भएको छ । नगरपालिकाको पहिचानलाई विद्यालय तहदेखिनै जानकारी गराउने उद्देश्यले स्थानीय पाठ्यक्रम लागू गर्न लागिएको हो । पाठ्यक्रम निर्माण पछि अन्तिम रुप दिएर त्यसलाई कार्यान्वयमा ल्याउने तयारी भइरहेको स्थानीय पाठ्यक्रम निर्माण तथा सहजीकरण समितिका संयोजक किरण थापाले जानकारी दिए ।

चालू शैक्षिक सत्रमा कक्षा १ देखि ५ सम्म र आगामी शैक्षिक सत्रमा ६ देखि ८ कक्षासम्म स्थानीय पाठ्यक्रम लागू गर्ने गरिने उल्लेख गर्दै उनले यसै साताभित्र सरोकार व्यक्तिसँग छलफल गरेर पाठ्यक्रमलाई अन्तिमरुप दिइने बताए । 'नगरपालिकाले सूर्यविनायक क्षेत्रमा दसैंपछि भौतिक रुपमा विद्यालय सञ्चालन गर्न अनुमति दिएकाले कक्षा सञ्चालन हुँदा विद्यार्थीले स्थानीय पाठ्यक्रम पढ्न पाउन छन्', नगरपालिका सामाजिक विकास समितिका संयोजक तथा वडा नं ७ का वडाध्यक्ष थापाले भने, 'सूर्यविनायक नगरपालिका भक्तपुरको नयाँ नगरपालिका हो, त्यसैले सुरुका दुई वर्ष ऐन कानून निर्माण, नगरपालिकाको व्यवस्थापन र विकास निर्माणमा केन्द्रीत भयौं, त्यसपछि दुई वर्ष कोभिडले पाठ्यक्रम निर्माणमा छलफल गर्ने वातावरण नै भएन, बल्ल अलि सहज भएपछि पाठ्यक्रम निर्माण सकेर लागू गर्न खोजेका हौं ।' कक्षा १ देखि ५ सम्म लागू हुने स्थानीय पाठ्यक्रममा स्थानीय १४ विषयवस्तु समावेश गरिएका छन् । नगर पालिकाका प्रशासकीय अधिकृत र ाजेन्द्रप्रसाद कँडेलले दसैं अगाडि नै पाठ्यक्रमलाई अन्तिम रुप दिएर सार्वजनिक गर्ने र दसैंपछि कक्षा कोठामा कडाइका साथ कार्यान्वयनमा ल्याउने गरी नगरपालिकाले तयारी गरेको बताए ।

उनले स्थानीय पाठ्यक्रमलाई प्रयोगात्मक ढंगले अगाडि बढाइने जानकारी दिए । नगरपालिकाको शिक्षा शाखा अधिकृत सरस्वती कोइरालाले कक्षा १ देखि ५ सम्म 'हाम्रो सूर्यविनायक' नाम दिएर पाठ्यक्रम निर्माण गरिएको जानकारी दिए । उनका अनुसार पाठ्यक्रममा नगरपालिकाको भूगोल, जनसंख्या, प्राकृतिक सम्पदा, स्थानीय जातजाति, वेषभूषा, व्यक्तित्व, जनसंख्या र प्रमुख धार्मिक सम्पदाका साथै स्थानीय चाडपर्व, बोलीचाली, बाजागाजा, नाच, लोक संस्कृति, धर्म, संस्कार, रहनसहनलाई समेटिएको छ । यसैगरी कृषि, पर्यटन, पेशा, व्यवसाय, खेल, जडीबुटी, सडक, योग, हरित विद्यालयजस्ता विषय पनि पाठ्यक्रममा राखिएको छ ।

आधारभूत कक्षासम्म स्थानीय विषयवस्तु र पहिचानलाई व्यवहारिक शिक्षाको रुपमा लैजाने र कक्षा ६ देखि ८ कक्षासम्म स्थानीय पेशा, ज्ञान, सीप र प्रविधिलाई जगेर्ना गर्दै सीप दिने गरी लैजाने लक्ष्य रहेको अधिकृत कोइरालाको भनाइ थियो ।


सामुदायिक अनुसन्धान केन्द्रका उद्धवप्रसाद प्याकुरेलले पाठ्यक्रम निर्माणमा प्राविधिक सहयोग गरेका र पाठ्यक्रम विकास केन्द्रका अधिकृत खिलानाथ धमलाले विद्यालयका प्रधानाध्यापक र सरोकार निकायलाई स्थानीय शिक्षाबारे जानकारी गराएका थिए । स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ लागू भएपछि स्थानीय तहहरुले स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्दै आएका छन् । जिल्लाका चार नगरपालिकामध्ये भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम 'ख्वप:को पहिचान' भाग-१ र २ प्रकाशन गरी कार्यान्वयनमा ल्याएको थियो ।

उक्त पुस्तकमा ख्वप:को संस्कृति, सम्पदा, इतिहास, जीवनशैली, रैथाने व्यवसाय, सीप र प्रविधि, परम्परागत खेल, वेषभूषा, भाषा र लिपी, पर्यटन, विभिन्न व्यक्तित्वका बारेमा चर्चा गरिएको छ । त्यसैगरी चाँगुनारायण नगरपालिकाले कक्षा ६, ७ र ८ मा 'हाम्रो चाँगुनारायण' पाठ्यक्रम कार्यान्वयनमा ल्याइसकेको छ ।

पाठ्यक्रममा स्थानीय परम्परा, संस्कृति, रीतिरिवाज, सम्पदा, चाडपर्व, सामाजिक व्यवहार, पेसा/व्यवसाय, वातावरण संरक्षण, आर्थिक गतिविधि, स्थानीय प्रविधिलगायत विषयवस्तु समेटिएको छ ।

मध्यपुरथिमि नगरपालिकाले पनि 'मध्यपुरथिमि म्हसिका' (मध्यपुर थिमि परिचय) नामक पाठ्यक्रम कार्यान्यनमा ल्याइसकेको छ । सूर्यविनायकले स्थानीय पाठ्यक्रम लागू गरेपछि जिल्लाका चारवटै पालिकामा स्थानीय पाठ्यक्रम हुने भएको छ ।

# दशैंका लागि अग्रिम टिकट बुकिङ खुल्यो : ११ काउण्टर थप



काठमाडौँ (रासस)/ दशैंमा घर जाने यात्रुलाई लक्षित गरेर सरकारले अग्रिम टिकट बुकिङ खुला गरेको छ । राजधानीमा विभिन्न व्यापार, व्यवसाय, जागीर र अध्ययनका लागि बसेका मानिस चाडपर्व मनाउन घर जाने गरेकाले यसलाई सहज तथा व्यवस्थित बनाउन सोमबारदेखि अग्रिम टिकट बुकिङ खुला गरिएको हो । अहिले नयाँ बसपार्कमा टिकट लिने यात्रुको चाप देखिन्छ ।

एक निजी कलेजमा अध्ययनरत धनगढीका निशान खड्का सोमबार बिहानै दशैंमा घर जाने टिकट लिन नयाँ बसपार्क पगे । काठमाडौँको चाबहिलमा डेरा लिएर बस्दै आएका उनी बिहान ५ बजे नयाँ बसपार्क पुगेका थिए । यही असोज २२ गते घर जाने तयारीमा रहेका उनले दुई घण्टाको प्रतिक्षापछि टिकट लिए । औधी खुशी हुँदै उनले भने "अघिल्ला वर्षभन्दा यस वर्ष टिकट लिन सहज भयो ।"

काठमाडौँबाट कैलाली हुँदै लम्की जाने तयारीमा रहेका आशिष पाण्डे टिकट लिन बिहान ४ बजे अन्यसाथीसहित नयाँ बसपार्क पुगे । निजी कम्पनीमा कार्यरत उनले यही असोज २५ गते लम्की जानका लागि एकजनाको दुईहजार ३५ भाडा तिरेर टिकट लिए । उनी काठमाडौँको पेस्सीकोलाबाट टिकट लिन नयाँ बसपार्क पुगेका थिए ।

यस्तै, प्यूठान जानका लागि टीकाराम पोखरेल नयाँ बसापार्क पुगे । जावलाखेल एक निजी कम्पनी नुवाकोटमा कार्यरत उनले भने "अघिल्ला वर्षभन्दा यस वर्ष टिकट लिन व्यवस्थित गरिएको रहेछ । टिकट लिन सजिलो भयो ।" सरकारले यस वर्षको दशैंका लागि घर जानेका लागि अग्रिम टिकट बुकिङ खुला गरेसँगै पश्चिमको धनगढी, टिकापुर, बझाङ, बाजुरा, सल्यान, रुकुम, प्यूठान, रोल्पा तथा पूर्वको सिराहा, सप्तरी, ताप्लेजुङ, इलाम, झापा, उदयपुरलगायतका ठाउँमा जाने यात्रुको बसपार्कमा लाइन देखिन्थ्यो ।

गत वर्ष कोरोना संक्रमणका कारण अग्रिम टिकट बुकिङ खुला गरिएको थिएन । यस वर्ष भने समयमा नै अग्रिम टिकट बुकिङ खुला गरिएको हो । यसका लागि नयाँ बसपार्क सञ्चालन गरेको लोत्से बहुउद्देश्यीय प्रालिले यातायात व्यवसायीको सहकार्यमा ११ टिकट बुकिङ काउण्टर थप गरेको छ ।

प्रालिका महाप्रबन्धक सुनिल कुँवरले दशैंमा घर जाने यात्रुलाई व्यवस्थितरुपमा टिकट प्रदान गर्नका लागि टिकट काउण्टर थप गरिएको जानकारी दिए । गत वर्षमा यात्रुलाई हस्तलिखित टिकट प्रदान गरिँदै आए पनि यसपटक भने हस्तलिखित र प्रविधिमैत्री दुवैखाले टिकट वितरण गरिएको छ । संक्रमण यथावत रहेकाले अग्रिम टिकट बुकिङका लागि भौतिक दूरी कायम गरिएकोछ । बसपार्क क्षेत्रमा चाडपर्वमा हुनसक्ने लुटपाट, चोरी, डकैतीलाई न्यूनीकरण गर्नका लागि लोत्सेले ३४ सेक्युरिटी गार्ड र नेपाल प्रहरीले ४० सुरक्षाकर्मी खटाएको छ ।

यस्तै, दशैंमा यात्रुलाई सुरक्षित तवरले गन्तव्यस्थलसम्म जाने वातावरण निर्माण गर्न गाडीलाई राम्रो किसिमको मर्मतसम्भार गर्नुका साथै माक्स र स्यानिटाइजरको अनिवार्य व्यवस्था मिलाइएको उनले बताए । प्रालिका मानव संशाधन प्रमुख पङ्कज मल्लले अग्रिम टिकट बुकिङका लागि बसपार्कमा ११ टिकट काउण्टर थप गरेको जानकारी दिए । बसपार्कबाट हाल ३२ टिकट काउण्टरमार्फत कम्युटर प्रणालीको माध्यमबाट यात्रुलाई बस टिकट प्रदान गर्दै आएको छ । काठमाडौँ महानगरपालिका-२६ गोङ्गबुस्थित विष्णुमति किनारामा १६१ रोपनी क्षेत्रफलमा फैलिएको सो बसपार्कबाट हाल देशभरका ६५ भन्दा बढी जिल्लामा सार्वजनिक सवारी साधन आवतजावत गर्दै आएका छन् । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका महासचिव सरोज सिटौलाले गत वर्षजस्तो यस वर्ष दशैंमा घर जानका लागि अग्रिम टिकट बुकिङका लागि आउने यात्रुको संख्या कमी भएको जानकारी दिए । "कोरोना संक्रमण र बाटोको दूरावस्थाका कारण गत वर्षका तुलानामा यसवर्ष अग्रिम टिकट लिन आउनेको संख्या घटेको हुनसक्छ", उनी भन्छन् । उनी यात्रुलाई टिकट लिएपछि राम्रोसँग आफू जाने गन्तव्यस्थल, मिति र समय हेर्न आग्रह गर्छन् ।

महासचिव सिटौला यात्रुको चापलाई हेरेर यातायात व्यवसायीले बस थप्दै जाने बताउँछन् । नयाँ बसपार्कबाहेक चाबहिल, गौशाला, कोटेश्वर, सुन्धारा र कलंकीबाट समेत अग्रिम टिकट बुकिङ सुरुआत गरिएको छ । महानगरीय ट्राफिक प्रहरी महाशाखाले चाडपर्वलाई लक्षित गरेर राजधानीका विभिन्न १४ स्थानमा यात्रु सहायता कक्ष स्थापना गरेको छ । उक्त सहायता कक्षले राजधानीबाट विभिन्न गन्तव्यस्थलसम्म जान लाग्ने भाडादर र यात्रुलाई गन्तव्यस्थलसम्म सहजै जानका लागि आवश्यक समन्वय गर्ने जनाएको छ ।

# चितवनका सात पालिकामा कांग्रेसको नयाँ नेतृत्व




चितवन (रासस)/ नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत यहाँका सात पालिकामा अधिवेशन सम्पन्न भएको छ । असोज ९ र १० गते सम्पन्न पालिका अधिवेशनले अधिकांश नयाँ अनुहारलाई पालिकाको नेतृत्वमा जिम्मेवारी दिएको छ ।

आइतबार राति सम्पन्न भरतपुर महानगरपालिकाको अधिवेशनले चित्रसेन अधिकारीको सभापतित्वमा नयाँ कार्यसमिति चयन गरेको छ । उनले आफ्ना निकटतम प्रतिद्वन्द्वी भरत अधिकारीलाई १०३ मतले पराजित गरेको हो । चित्रसेनले ६४९ मत ल्याउँदा भरतले ५४६ मत ल्याएका छन् ।

यस्तै महानगरको उपसभापतिमा बुद्धिकान्त न्यौपाने र विजय घले विजयी भएका छन् । उनीहरुले क्रमश: ६६१ र ५५६ मत ल्याई विजयी भएको हो । सचिवमा कृष्ण बगाले र प्रनिसा गुरुङ विजयी भएका छन् । उनीहरुले क्रमश: ४५६ र ५६४ मत ल्याएका थिए ।

सहसचिवमा उपेन्द्र पण्डित र कल्पना खड्का पौडेल विजयी भएका छन् । उनीहरुले क्रमश: ५१३ र ४२० मत ल्याएर विजयी बनेको हो । रत्ननगर नगरपालिकाको कांग्रेस सभापतिमा प्रह्लाद सापकोटा विजयी बनेका छन् । उनले आफ्ना निकटतम प्रतिस्पर्धी रुपनराज घिमिरेलाई ७८ मत अन्तरले पराजित गरेको हो । सापकोटाले २४६ मत ल्याउँदा घिमिरेले १६७ मत प्राप्त गरे । उपसभापति अपिल अधिकारी र कमला अधिकारी, सचिवमा अनिता अधिकारी र तीर्थराज सुवेदी, सहसचिवमा अमृत मल्ल र रामचन्द्र पौडेल विजयी भएका छन् ।

पूर्वी चितवनको कालिका नगरपालिकामा दिपेश्वर केसी विजयी भएको छ । केसीले आफ्ना निकटतम् प्रतिस्पर्धी लीलाबहादुर गुरुङलाई १० मत अन्तरले पराजित गरेको हो । उनले ११२ मत ल्याउँदा उनका प्रतिस्पर्धी लीलाबहादुर गुरुङले १०२ मत प्राप्त गरेका छन् । यस्तै उपसभापतिमा चेतबहादुर गुरुङ र जेएन महतो विजयी भएका छन् । सचिवमा राजन रेग्मी र फडिन्द्र लामिछाने, सहसचिवमा योजना न्यौपाने अधिकारी र विश्वास अर्याल विजयी भएको छ ।

राप्ती नगरपालिकामा भएको निर्वाचनमा देवेन्द्र लामा विजयी भएका छन् । उनले आफ्ना प्रतिस्पर्धीलाई ४० मत अन्तरले पराजित गरेको हो । लामाले १२७ मत ल्याउँदा उनका प्रतिस्पर्धी नारायण उप्रेतीले ८७ मत ल्याएका छन् । राप्तीको उपसभापतिमा अनिता खरेल र कृष्णप्रसाद पाण्डे विजयी भएका छन् ।

सचिवमा राजकुमार सिलवाल र लक्ष्मी कँडेल विजयी भएका छन् । सहसचिवमा मनोज तामाङ र तारामाया प्रजा विजयी भएका छन् । खैरहनी नगर सभापतिमा गुणराज श्रेष्ठ विजयी भएका छन् । मत परिणामअनुसार उनको प्रतिस्पर्धी शशी खनियाँलाई पराजीत गर्दै श्रेष्ठ विजयी भएको हो । श्रेष्ठले १४५ मत ल्याएर विजयी हुँदै गर्दा खनियाँले १४२ मत ल्याएका छन् । माडी नगरपालिकामा पुन:कोमलनाथ भुसालको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

अधिवेशनमा भुसालले आफ्ना निकटतम प्रतिस्पर्धी खेम महतोलाई तीन मत अन्तरले पराजित गरेको हो । माडीको उपसभापतिमा गणेश पौडेल र मायाराम अधिकारी, सचिवमा अपिल अधिकारी र लोकनाथ लामिछाने, सहसचिवमा इन्द्र चापागाईं र दिक्षा भट्टराई विजयी भएका छन् ।

जिल्लाको एकमात्रै गाउँपालिका इच्छाकामनाको सभापतिमा कृतिकुमार श्रेष्ठ विजयी भएका छन् । प्रतिद्वन्द्वी विष्णुकुमार कुँवरलाई चार मतान्तरले पराजीत गर्दै श्रेष्ठ विजयी भएको हो । खसेको कूल मतमध्ये ६६ मत प्राप्त गर्दै श्रेष्ठ विजयी भएको हो । कुँवरले ६२ मत प्राप्त भएका छन् ।

उपसभापतिमा देवलाल गुरुङ र दिपक खनाल, सचिवमा तुलबहादुर गुरुङ र हिरा गुरुङ, सहसचिवमा उत्तमकुमार गुरुङ र सुधीर अधिकारी निर्वाचत भएका छन् । जिल्लाका सातै पालिकामा मतदानद्वारा नेतृत्व चयन गरिएको हो ।

# सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेको छ : प्रधानमन्त्री देउवा



काठमाडौँ (रासस)/ प्रधानमन्त्री शेरबहादुर देउवाले विविधताको समुचित संरक्षण, सम्बर्द्धन र उपयोगबाट नेपाललाई सुरक्षित भरपर्दो पर्यटन गन्तव्यका रुपमा विश्वसामु थप स्थापित गर्नु यस क्षेत्रमा लागेका सरोकारवाला सबैको साझा लक्ष्य भएको बताएका छन् ।

४२ औं विश्व पर्यटन दिवसका अवसरमा दिएका शुभकामना सन्देशमा पर्यटकीय गन्तव्यको पहिचान, विकास र प्रबर्द्धनका माध्यमबाट आय तथा रोजगारी सृजना गरी लाभको वितरण स्थानीय समुदायसम्म पुर्याउन सके आर्थिक समृद्धि हासिल गर्न सकिने प्रधानमन्त्री देउवाले उल्लेख गरेका छन् । प्रधानमन्त्री देउवाले सरकारले आर्थिक वृद्धि र विकासका लागि पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै आएको बताएका छन् ।

सो सन्देशमा प्रधानमन्त्री देउवाले नेपालको पर्यटन क्षेत्रको विकास र प्रबर्द्धनमा निजी क्षेत्रको प्रयास प्रशंसनीय रहेको उल्लेख गर्दै यस क्षेत्रको पूर्वाधार विकास र नयाँ गन्तव्यको पहिचानका लागि सरकार सहुलियत दिन, सहजीकरण र सहकार्य गर्न तयार रहेको बताएका छन् । अन्तर्राष्ट्रियस्तरमा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय मञ्चमार्फत पर्यटन प्रबर्द्धन र सहकार्यका प्रयास पनि हुँदै आएको प्रधानमन्त्रीले उल्लेख गरेका छन् ।

पर्यटन क्षेत्र कोभिड-१९को संकटबाट ग्रस्त रहेको, व्यवसायहरू जोखिममा रहेको र कर्मचारी तथा कामदारको आम्दानी गुमेको सन्दर्भमा सरकारले यस क्षेत्रलाई पुनरुत्थान गर्न शुल्क तथा कर छुट, कोभिड-१९ विरुद्धको खोपमा प्राथमिकता दिनेलगायतका नीतिगत व्यवस्था गरेको पनि प्रधानमन्त्री देउवाले सो सन्देशमा बताएका छन् ।

आगामी दिनमा पर्यटन क्षेत्रलाई जोखिम बहन गर्न सक्ने क्षेत्रका रुपमा विकास गर्न व्यवसाय बीमा, कामदार र कर्मचारीको सामाजिक सुरक्षा र पर्यटन जोखिम कोष व्यवस्थापनलाई प्रभावकारी रुपमा अघि बढाइएको उनको भनाई छ ।

# 'संसद्मा प्रतिपक्षको आवाज सुनिनुपर्छ'



काठमाडौँ (रासस)/ नेकपा (एमाले)का सांसद महेश बस्नेतले सार्वभौम संसद्ले प्रतिपक्षको आवाज सुन्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको बैठकमा सहभागी हुने क्रममा पत्रकारसँग सक्षिप्त कुराकानी गर्दै बस्नेतले भने 'एउटै दल सधैँ प्रतिपक्षमा हुन्नन्, अहिले सत्तामा भएका दल भोलि प्रतिपक्षमा पुग्छन् भन्नेमा ध्यान जानुपर्छ ।' उनले कुनै दलले आफ्ना सांसद्लाई कारवाही गर्दा तुरुन्त सदर हुने र अर्कोले गर्दा नहुने गरेको भन्दै आपत्ति जनाए ।

उनले जुनसुकै पार्टीको नेता पनि सभामुख भएपछि सबै सांसदको अभिभावक हुनुपर्ने सुझाव पनि सभामुखलाई दिए । उनले आफ्नो पार्टीले उठाएका मुद्दा सम्बोधन नभएसम्म सांसदमा विरोध जारी राखिने पनि बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# दुई महिनामा आठ अर्ब राजस्व

काठमाडौँ (रासस)/ सुख्खा बन्दरगाह (ड्राइपोर्ट) भन्सार कार्यालय वीरगञ्जले चालू आर्थिक वर्ष २०७८/०७९ को पछिल्लो दुई महिनामा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ ।

पर्साको सिरिसियामा रहेको यहाँ विभिन्न मुलुकबाट भारतको कोलकाता बन्दरगाह हुँदै रेलमार्गबाट कन्टेनरमार्फत नेपालमा सामग्री भित्रिन्छ । यहाँ एकपटकमा ९० वटासम्म कन्टेनरमार्फत विविध सामग्री नेपालमा आउने गर्दछ ।

गत साउन र भदौमा कूल सात अर्ब सात करोड ५३ लाख ५६ हजार राजस्व संकलन गर्ने लक्ष्य लिइएको थियो । त्यसमा लक्ष्यभन्दा २० दशमलव ९६ प्रतिशतले वृद्धि भई कूल आठ अर्ब ५५ करोड ८१ लाख राजस्व संकलन भएको छ । लामो समयको कोभिड-१९ को असहज अवस्था बिस्तारै सुधार हुँदै जाँदा भारतसहित तेस्रो मुलुकबाट नेपालमा पछिल्लो समय सामग्रीको आयात बढेकाले लक्ष्यभन्दा बढी राजस्व संकलन भएको कार्यालय प्रमुख डा लालबहादुर खत्रीले जानकारी दिए । बढी राजस्व संकलन हुनेमा भन्सार महसुल पैठारीतर्फ कूल तीन अर्ब ९० करोड ८२ लाख ९६ हजार र मूल्य अभिवृद्धि करतर्फ कूल तीन अर्ब ९८ करोड ७६ लाख ८५ हजार ६७१ रुपैयाँ संकलन भएको छ ।

यस नाकामा विशेष गरी भारतसहित जापान, अमेरिका, बेलायत, इजरायल, दक्षिण कोरिया, खाडी क्षेत्रका विभिन्न देशबाट सामग्री आयात हुन्छ ।

ठूला उद्योग कलकारखानाका लागि आवश्यक कच्चा पदार्थ, सवारी साधन, उपकरण तथा सामग्री, मदिराजन्य पदार्थ, तयारी पोशाकलगायत सामग्री तेस्रो मुलुकबाट भित्रिन्छ ।

# काठमाडौँ-काकँडभित्ता बस सेवा विस्तार



काठमाडौँ (रासस)/ घोडाघोडी यातायात प्रालिले पूर्वमा बस सेवा विस्तार गरेको छ । यसअघि काठमाडौँ-जोमसोम-मुक्तिनाथ,काठमाडौँ-बेनी(दर्वाङ, काठमाडौँ-बुर्तिवाङ-रुकुमकोट, काठमाडौँ-जाजरकोटलगायतका स्थानमा बस सञ्चालन गर्दै आएको सो यातायातले सोमबारदेखि काठमाडौँ-काकँडभित्ता बस सेवा सञ्चालन गरेको हो ।

सो प्रालिले नजिकिँदै गरेको चाडपर्वलाई समेत लक्षित गरेर दुईवटा सुपर एसी बस सञ्चालनमा ल्याएको हो । प्रालिका अध्यक्ष सुनिल कुँवरले यात्रुको माग र चाहनाअनुसार पूर्वमा बस सेवा सञ्चालनमा ल्याइएको जानकारी दिए । "अहिले काठमाडौँ-काकँडभित्ता सञ्चालन गरे पनि आगामी दिनमा पूर्वका अन्य सहरमा समेत विस्तार गर्दै लैजान्छौँ", उनले भने ।

उक्त बस काठमाडौँको नयाँ बसपार्कबाट छुट्नेछ । विसं २०७४ मा स्थापना भएको घोडाघोडी यातायात प्रालिले हाल २५ भन्दा बढी बसद्वारा यात्रुलाई सेवा प्रदान गर्दै आइरहेको छ ।

# राष्ट्रियसभा : दुई विधेयक पारित



काठमाडौँ (रासस)/ राष्ट्रियसभाको सोमबारको बैठकले 'आर्थिक विधेयक २०७८' र 'राष्ट्र ऋण उठाउने विधेयक, २०७८' पारित गरेको छ । अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त दुवै विधेयक पारित गरियोस् भनी सदनमा छुट्टाछुट्टै प्रस्ताव पेश गरेका थिए ।

छलफलमा भाग लिने कोही नभएपछि दुवै विधेयकलाई माथिल्लो सदनले बहुमतले पारित गरेको हो । राष्ट्रियसभाको बैठक प्रारम्भ हुनेवित्तिकै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का सांसदले उभिएर विरोध जनाएपछि अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सोही पार्टीका सांसद पर्शुराम मेघी गुरुङलाई बोल्न समय दिएका थिए । सांसद गुरुङले अर्थसम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याएको विधेयकका सन्दर्भमा ध्यानाकर्षण गराउँदै पार्टी नेतृत्वको समेत वार्षिक आम्दानी सार्वजनिक गर्नुपर्ने माग राखे । उनले वर्तमान सरकारले विभिन्न व्यक्तिलाई आय कर छुट र स्रोत खोज्न नपर्ने गरी प्रतिस्थापन विधेयक ल्याएको आरोप लगाए ।

सांसद गुरुङले उठाएको प्रश्नको जवाफ दिँदै अर्थमन्त्री शर्माले सम्पत्ति शुद्धीकरण र भ्रष्टाचारसम्बन्धी कानूनलाई प्रभावित नहुने गरी करको दायरा मात्रै विस्तार गर्न लागिएको स्पष्ट पारे । राष्ट्रियसभाको अर्को बैठक यही असोज १७ गते दिउँसो १ बजे बस्नेछ ।

# नेकपा एसले तोक्यो सबै पालिकामा इन्चार्ज

साझाकुरा संवाददाता

हेटौंडा/नेकपा एकीकृत समाजवादी मकवानपुर जिल्ला कमिटीको पहिलो बैठक भएको छ । बैठकबाट मकवानपुरका १० वटै पालिकाको इन्चार्ज, सचिवालयका सदस्य, प्रचार विभाग प्रमख तथा आर्थिक विभाग प्रमुख चयन गरेको छ ।

बैठकले एकीकृत समाजवादी मकवानपुरकी उपाध्यक्ष मीना कुमारीलाई हेटौंडा उपमहानगरपालिकाको इन्चार्जको जिम्मेवारी तोकेको छ । यस्तै, बैठकले थाहा नगरपालिकाका लागि इश्वर रुम्बालाई इन्चार्जको जिम्मेवारी तोकेको जिल्ला अध्यक्ष श्रीधर पोखरेलले जानकारी दिए ।

उनका अनसार, गाउँपालिकाअन्तर्गत मनहरी इन्चार्जमा भूमिनन्द अर्याल, भीमफेदी इन्चार्जमा शिवहरि बतौला, बागमती इन्चार्जमा खड्गबहादुर पुलामी तथा बकैया इन्चार्जमा नारायण तिमल्सिना, मकवानपुरगढी इन्चार्जमा राजन दाहाल, इन्द्रसरोबर इन्चार्जमा जीवन लामा, कैलाशमा कालु ढकाल र राक्सिराङ गाउँपालिका इन्चार्जमा कृष्ण चेपाङलाई चयन गरिएको छ ।

यस्तै, नेकपा (एस) मकवानपुरको प्रचार विभाग प्रमुखमा रामकुमार एलन र आर्थिक विभाग प्रमुखमा टीपी रुपाखेतीलाई सर्व-सम्मतरुपमा चयन गर्दै जिम्मेवारी प्रदान गरिएको अध्यक्ष पोखरेलले बताए । बैठकबाट ४९ सदस्यीय सचिवालय समिति गठन भएको छ । सचिवालय सदस्यमा जिल्ला कमिटीका अध्यक्ष पोखरेल, उपाध्यक्ष लामा, सचिव विष्णु दाहाल, उपसचिव जीवन लामा, कार्यालय सचिव तिलक अधिकारी, पालिका इन्चार्जहरु, विभाग प्रमुखहरुसहित माधव तिमल्सिना, मनिला विष्ट, रघु आचार्यलगायत रहेका छन् ।

बैठकले जिल्लाभर साधारण सदस्यता वितरण गर्ने, सांगठनिक सदस्यता अध्यावधिक गर्ने, असोज १९ गतेसम्ममा मकवानपुर जिल्लाका सबै वडाहरुमा वडा कमिटी विस्तार गरिसक्ने निर्णय गरेको अध्यक्ष पोखरेलले बताए ।

उनका अनुसार, यस्तै असोज २५ गते जिल्ला कमिटीको आयोजनामा शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम गर्ने निर्णय भएको छ ।

# वनविज्ञानलाई शैक्षिक सामाग्री हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा/भारतीय राजदूतावासको काउन्सिलर अफिस वीरगञ्जले हेटौंडामा रहेको वन विज्ञान अध्ययन संस्थानलाई सोमबार शैक्षिक सामाग्री हस्तान्तरण गरेको छ ।

काउन्सिलर अफिसका काउन्सिलर नितेशकुमारले सो संस्थानका प्रमुख डा शिवकुमार मानजनलाई अंग्रेजी र हिन्दीमाध्यमका सांस्कृतिक किताब तथा पत्रपत्रिका हस्तान्तरण गरेका थिए ।

समारोहमा काउन्सिलर नितेशले नेपालको शैक्षिक क्षेत्रको विकासमा भारतले सहयोग गर्दै आएको र थप सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा संस्थानका प्रमुख डा.मानजनले अध्ययन संस्थानको भौतिक पूर्वाधार निर्माण र विस्तारमा थप सहयोगका लागि आग्रह गरे ।

भारत सरकारको सहयोगमा विसं २०२१ मा हेटौंडामा रहेको वन विज्ञान अध्ययन संस्थानको शैक्षिक भवनलगायत पूर्वाधारको शिलान्यास भएको थियो । विसं २०२४ मा सुरु भई सो संस्थानमा वन विज्ञानतर्फ स्नातक र स्नातकोत्तरको अध्ययन तथा अध्यापन भइरहेको छ ।

# अपहरण गरेको आरोपमा चार जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/अपहरण गरेको आरोपमा मकवानपुर प्रहरीले चार जनालाई पक्राउ गरेको छ ।

हेटौंडा-११ का एक व्यक्तिलाई अपहरण गरेको आरोपमा प्रहरीले आइतबार चारजनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले हेटौंडा उपमहानगरपालिका-११ घर भइ हेटौंडा-१० बासुदेवमार्ग बस्ने सुन चाँदी पसल संचालक ४० वर्षीय जीतेन्द्र बिश्वकर्मालाई अपहरण गरेको आरोपमा चार जनालाई पक्राउ गरेको जानकारी दिए ।

पक्राउ पर्नेहरुमा हेटौंडा-१० बस्ने ३९ वर्षीय बिनोदलाल श्रेष्ठ, ३० वर्षीय अनिल लामा, हेटौंडा-५ बस्ने ३२ वर्षीय बुद्ध लामा र हेटौंडा-२ बस्ने २७ वर्षीय आदेश लामा रहेको डिएसपी रिमालले बताए । उनीहरुलाई प्रहरी टोलीले हेटौंडा-५ स्थित मकवानपुर रिकभरिङ् समूहको हाताभित्रबाट आइतबार पक्राउ गरेको हो ।

आइतबार नै बिहान ९ बजे बिश्कर्मालाई बा २० च ८९६० नम्बरको सेतो कारमा आएका ४/५ जना अपरिचित व्यक्तिहरुको समूहले अपहरण गरेको भन्ने विशेष सूचनाको आधारमाप्रहरीले तत्काल खोजतलास गर्ने क्रममा हेटौंडा-५ स्थित मकवानपुर रिकभरिङ् समूहको कार्यालय अगाडी उक्तकार फेलापारी अपहरण गर्ने कार्यमा संलग्नलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । अपहरित बिश्वकर्मालाई सकुशल उद्धार गरी पक्राउ गरेकाहरु माथि आवश्यक अनुसन्धान अघि बढाइएको छ ।

कारोना संक्रमणबाट मुक्त भएपछि पनि ढुक्क नबनौं
- श्वास फेर्न धेरै गाह्रो भए,
- निद्रा नलाग्ने, झर्को लाग्ने, तनाव महशुस भए,
- धेरै थकाई र कमजोरी महशुस भए
- एकाएक रक्ताचाप घटबढ भए,
- थोरै हिंड्दा स्वाँ-स्वाँ बढे,

सचेत बनौं र नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न ढिला नगरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक बधाई तथा शुभकामना

हालै सम्पन्न नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाको १४ औं अधिवेशनबाट **सभापतिमा श्री उत्सव इठेनी** ज्यू, **उपसभापतिमा श्री रामकृष्ण कोइराला** ज्यू, **श्री डोल्मा स्याङ्बो** ज्यू, **सचिवमा श्री सबिन न्यौपाने** ज्यू, **श्री हर्करत्न लामा** ज्यू, **सहसचिवमा श्री निगम श्रेष्ठ** ज्यू, **श्री बिकास बानियाँ** ज्यू निर्वाचित हुनु भएकोमा उहाँहरु लगायत कार्यसमितिका सम्पूर्ण सदस्यहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु।
हेमन्त थापा (उपाध्यक्ष)
**नेपाल तरुण दल**
**हेटौंडा उपमहानगर समिति**

हार्दिक बधाई तथा शुभकामना
नेपाली कांग्रेस १४ औं महाधिवेशन अन्तरगत मकवानपुर जिल्लाको पालिका अधिवेशनबाट सभापति पदमा निर्वाचित हुन सफल सम्पुर्ण पालिका सभापतिज्युहरुमा हार्दिक बधाई साथै सफल कार्याकालको शुभकामना व्यक्त गर्दछु।

उत्सब ईटेनि
हेटौंडा उपमहानगरपालिका
प्रमोद जोशी
थाह नगरपालिका
बिरेन्द्र जिम्बा
राक्सिराङ गाउँपालिका
सन्जिब श्रेष्ठ
भिमफेदि गाउँपालिका
प्रकाश बतौंला
मनहरी गाउँपालिका
राजेन्द्र घिसिङ
कैलाश गाउँपालिका
फणिन्द्र तिमल्सिना
बाग्मती गाउँपालिका
राजबिर मोक्तान
गढि गाउँपालिका
दिल बहादुर भोम्जन
बकैया गाउँपालिका
बिश्व लामा
ईन्द्रसरोबर गाउँपालिका
**रवी कँडेल शर्मा**
हेटौंडा-११

हार्दिक बधाई !
यस सञ्चार प्रा.लि.द्वारा सञ्चालित अखबारहव डटकमका सल्लाहकार श्री प्रकाश बतौंला ज्यू हालै सम्पन्न नेपाली कांग्रेस १४ औं मनहरी गाउँपालिकाको अधिवेशनबाट सभापति पदमा निर्वाचित हुनु भएकोमा उहाँलगायत कार्यसमितिका सम्पूर्ण सदस्यहरूको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

सभापति:
प्रकाश बतौंला
अखबार हव सञ्चार प्रा.लि.
हेटौंडा, मकवानपुर

हार्दिक बधाई तथा शुभकामना

नेकपा (एकीकृत समाजवादी)को भातृ संगठन, युवा संघ मकवानपुरको गरिमामय **उपाध्यक्ष** पदमा यस जेसीजका वर्ष २०२१ का शाखा अध्यक्ष **जेसीआई सिनेटर लिसेन बस्नेत** ज्यू चयन हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकाल पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।
जेसी श्रवण बतौंला (महासचिव)
जेसी संग्राम बल लामा (कोषाध्यक्ष) एवम्
JCI Hetauda जेसीआई हेटौंडा, परिवार

हार्दिक बधाई तथा शुभकामना

हालै सम्पन्न नेपाली कांग्रेस हेटौंडा उपमहानगरपालिकाको १४ औं अधिवेशनबाट **सभापतिमा श्री उत्सव इठेनी** ज्यू, **उपसभापतिमा श्री रामकृष्ण कोइराला** ज्यू, **श्री डोल्मा स्याङ्बो** ज्यू, **सचिवमा श्री सबिन न्यौपाने** ज्यू, **श्री हर्करत्न लामा** ज्यू, **सहसचिवमा श्री निगम श्रेष्ठ** ज्यू, **श्री बिकास बानियाँ** ज्यू निर्वाचित हुनु भएकोमा उहाँहरु लगायत कार्यसमितिका सम्पूर्ण सदस्यहरुको सफल कार्यकालको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछु।
राजेश श्रेष्ठ (कोषाध्यक्ष)
**नेपाली कांग्रेस**
**हेटौंडा वडा नम्बर ११ इकाई समिति**

निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्
घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?

हामीलाई सम्झनुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, बाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।
हाम्रो हार्डवेयर एण्ड सप्लायर्स
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५२०६४१, ९८५५०४२९६३

पसल बिक्रीमा
हेटौंडा-४, स्कूलरोड स्थित चालु अवस्थामा रहेको लेडिज फेन्सी पसल विशेष कारणवस बिक्रीमा गर्नुपर्ने भएकोले खरिद गर्न चाहनुहुने ईच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८०४२५५०७३



गोर्खाली ट्रेड एण्ड सप्लायर्स
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१०७९६६४, ९८५५०३१६६४

कोरोना भाइरस (COVID-19) बाट
आफू पनि बचौं, अरुलाई पनि बचाऔं
लक्षणहरु
बच्ने उपायहरु
- नियमित रुपमा साबुन पानीले हात धुने ।
- घर तथा बाहिर जाँदा नियमित मास्कको प्रयोग गर्ने ।
- खोक्दा र हाच्छ्यु गर्दा नाक र मुख छोप्ने ।
- यदि फ्लू जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जंगली तथा घरेलु पशुपन्छीहरुसँग असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, अण्डा राम्रोसँग पाकेको मात्र खाने ।

कैलाश गाउँपालिका
कालिकाटार, मकवानपुर

ADMISSION OPEN FOR 2021
@
HETAUDA CITY COLLEGE/ZENITH
Now Open for Registration
"Take Right Decision For Right Education"
Programme:-
- Commerce
- Science
- Hotel Management
- Computer Science
- Business Studies

ENROL NOW
Contact us :-
HETAUDA CITY COLLEGE/ZENITH
Hetauda-5, Piple ☎057-520750, 526660
Email:- hetaudacitycollege.official@gmail.com

मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ
तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ
हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं
बकैया गाउँपालिका
हात्तिसुँडे, मकवानपुर

सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क: ९८४५३८९११६

COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितमा जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरसका मुख्य लक्षणहरु
कसरी आफू र अरुलाई बचाउने ?
बागमती गाउँपालिका, झुरझुरे, मकवानपुर